# विराटनगर महानगरपालिका

बैठक संख्याः १०६
मितिः २०७८/१२/१०

बैठक प्रारम्भः बिहान ८:०५ बजे
बैठक स्थगनः बिहान १०:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/१२/१० गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको फाल्गुन महिनामा बसेको बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | आधारभूत आयुर्वेद स्वास्थ्य केन्द्र राख्ने स्थान छनौट सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा आधारभूत आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना तथा सञ्चालनको लागि आवश्यक बजेट विनियोजन भएको र कार्यालयमा आयुर्वेदतर्फ अधिकृतस्तर एक जना तथा सहायकस्तर (कविराज) एक जना जनशक्ति समेत रहेकोले सेवाग्राहीको पहुँच र पूर्वाधारको आधारमा उपयुक्त हुने विराटनगर महानगरपालिका वडा नं.११ मा आधारभूत आयुर्वेद स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | बायोग्याँसजन्य फोहोर वर्गीकरण गरी लैजान स्वीकृति दिने सम्बन्धमा। | विराटनगर महानगरपालिका क्षेत्रको ठोस फोहोरमैला व्यवस्थापनको लागि भेन्चर वेष्ट टु इनर्जी प्रा.लि., ललितपुरले पेश गरेको प्रस्तावउपर निजी क्षेत्रका फोहोरमैला व्यवस्थापनका साझेदार संस्था, प्रस्तावक संस्था र महानगरपालिकाबीचको छलफल तथा अन्तर्क्रियाको निष्कर्ष बमोजिम महानगरमा उत्सर्जन हुने ठोस फोहोरमैलालाई वर्गीकरण गर्ने संयन्त्र स्थापना गरी बायोग्याँसजन्य फोहोरबाट सिएनजी ग्याँस उत्पादन गर्न निःशुल्क रुपमा बायोग्याँसजन्य फोहोर लैजान उक्त प्रा.लि.लाई स्वीकृति दिने, साथै उक्त परियोजनाको लागि साझेदार संस्थाहरूले फोहोर उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्ने विवरण स्वीकृत गर्ने सम्बन्धमा। | नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा जारी भएको कोभिड-१९ महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम विराटनगर महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अतिविपन्न परिवारहरूको सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइआएका नामावली विवरण सोही कार्यविधिको दफा ६(३) बमोजिम अनुसूची-३ को ढाँचामा अतिविपन्न परिवारहरूको नामावलीको सूची दाबी विरोधका लागि वडा कार्यालयका सूचना पाटी तथा महानगरपालिकाको वेबसाइटमार्फत सार्वजनिक गरिएकोमा सो नामावली सूचीमा कुनै पनि दाबी विरोध पेश हुन नआएकोले उक्त सूचीलाई कोभिड-१९ नगद राहत योग्य लाभग्राही परिवारहरूको अन्तिम सूचीको रुपमा स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| ५ | प्रदेश समपुरक आयोजना छनौट सम्बन्धमा। | प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आ.व.२०७९/०८० का लागि समपुरक अनुदानबाट सञ्चालन गरिने आयोजना/कार्यक्रमको लागि प्रस्ताव आह्वान भएको हुँदा महानगरपालिकाको तर्फबाट देहाय अनुसारको क्रमागत आयोजना छनौट गरी प्रदेश समपुरक अनुदानको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) शिवालय मार्गमा सडक कालोपत्रे (चालु आ.व.मा प्रदेश समपुरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना)<br>(२) वडा नं.२/३ सिमाना गोग्राहा मार्गमा नाला तथा वडा नं.६/११ सिमाना सडक केशलिया मार्गमा नाला (चालु आ.व.मा प्रदेश समपुरक अनुदानबाट सञ्चालनमा रहेको आयोजना) |
| ६ | आरोहण गुरुकुलको नयाँ नाटकघरको नामाकरण सम्बन्धमा। | भारत सरकारको आर्थिक अनुदान र विराटनगर महानगरपालिकाको सहयोगमा निर्मित आरोहण गुरुकुल, विराटनगरको नाट्यशाला भवनको मिति २०७८ चैत्र १२ गते समुद्घाटन भएको र सो समुद्घाटन समारोहमा प्रस्ताव भए बमोजिम उक्त नाट्यशाला भवनलाई "बालकृष्ण पोखरेल नाटकघर" नामाकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | विविध। | (क) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को परिच्छेद-३, दफा ५(क) मा भएको व्यवस्था बमोजिम मूल्याङ्कनको उद्देश्य र विधिबारे FRA सम्पर्क व्यक्ति (Focal Person) मार्फत अनुशिक्षण प्राप्त भयो।<br>(ख) अवकाश प्राप्त नेपाल प्रहरीहरू संगठित भई सामाजिक कार्य गर्ने उद्देश्य राखी स्थापना भएको नेपाल पूर्व प्रहरी संगठन (परिवार) ले वडा कार्यालयको सिफारिस सहित सामाजिक कार्य सञ्चालनका लागि जग्गा माग गरेकोले उक्त संगठनलाई विराटनगर महानगरपालिका वडा नं.४, बस्ता पैनी स्थित सार्वजनिक जग्गा मध्येबाट ०-१-० (बिघा) जग्गा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी र निर्माण सहितको भौतिक पूर्वाधार सरकारको स्वामित्वमा रहनेगरी संरक्षण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) विराटनगर महानगरपालिका वडा नं.२ र ७ को सिमाना सडक शनिहाट मार्गको दायाँबायाँ सडक किनारमा नेपाल अग्रवाल सभाले खुला जिम सहितको पार्क निर्माण गरेको हुँदा उक्त मार्गलाई "शनिहाट मार्ग अग्रसेन पार्क" नामाकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११६(२) मा "कुनै वडाको निर्वाचन नभएकोमा निर्वाचन नभएसम्मका लागि कार्यपालिकाले कुनै कर्मचारीलाई वडा अध्यक्षको कार्य गर्ने गरी तोक्न सक्नेछ" भन्ने प्रावधान रहेको हुँदा त्यस्तो अवस्थामा सम्बन्धित वडा कार्यालयको वडा सचिवलाई कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्न तोक्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल

| | | |
|---|---|---|
| | | (ङ) विराटनगर महानगरपालिका, सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ र करुणा फाउण्डेशन नेपालको सहयोगमा तीन बर्षे अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम सञ्चालन भइरहेको छ। उक्त परियोजनामा विराटनगर महानगरपालिका वडा नं. ७ स्थित ऐतिहासिक आदर्श माध्यमिक विद्यालयमा समावेशी शिक्षा (Inclusive Education) सञ्चालन गर्ने योजना रहेको र उक्त कार्यका लागि सबै प्रकृया पूरा गरी आगामी २०७९ बैशाखदेखि भर्ना अभियान गर्ने रहेको हुँदा अपाङ्गता भएका विद्यार्थीहरुलाई घरबाट विद्यालय ल्याउन र लैजान अपाङ्गतामैत्री बस (हाईड्रोलिक तथा लिफ्ट जडान भएको सिडी, ठूलो ढोका तथा बस भित्रका सवै संरचना अपाङ्गमैत्री भएको) एक थान खरिद गरी आदर्श माध्यमिक विद्यालयलाई हस्तान्तरण गर्न परियोजनामा बजेट विनियोजन भएकोले अपाङ्गतामैत्री बस खरिद गर्न निर्णय गर्दै उक्त बस खरिदका लागि लाग्ने भन्सार शुल्क, राजश्व, दस्तुर तथा अन्य शुल्कहरु छुट गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल